# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-४ | अंक-२५ | २०७६ माघ १५ गते बुधबार | 29 January 2020 Wednesday | मूल्य रू. १०/-

## पर्यटकको पर्खाइमा सान्नी क्षेत्र

**मिसन न्यूज**
**कालिकोट**

कालीकोट जिल्लाको सान्नित्रिवेणी गाउँपालिका पर्यटकीय क्षेत्रका रुपमा अव्वल मानिन्छ । सान्नित्रिवेणीमा रहेका पर्यटकीय स्थलहरुलाई हेर्ने हो भने जिल्लाकै पर्यटकीय क्षेत्रका रुपमा सान्नित्रिवेणी पहिलो नम्बरमा आउछ । सान्नित्रिवेणीमा रहेका पर्यटकीय क्षेत्र पञ्चदेवल, साइमन शाहीले परापुर्वक कालमा राज गर्दै आएका तिखोली दरबार, त्रिवेणी पाटन, मुम्रा लेख, पाण्डब गुफा लगायतका पर्यटकीय क्षेत्र भएको भएपनि सान्निवित्रेणीका पर्यटकीय क्षेत्रहरुमा मोटर बाटोको असुविधाले पर्यटकको आवगमन कम भएको स्थानियले दुखेसो पोखेका छन् ।

सान्नित्रिवेणी गाउँपालिकामा रहेका पर्यटकीय क्षेत्रको प्रचार प्रसारका साथै मोटरबाटो निमार्णमा गाउँपालिका लागेको सान्नित्रिवेणी गाउँपालिकाका अध्यक्ष डम्बर बहादुर शाही डिवीले बताए । १ सय वर्ष अगाडि सान्निदरा हुदा साईमन शाहीले राज गर्दै आएको सान्नित्रिवेणीमा रहेको तिखोली दरबार अहिले भग्नाबशेष अवस्थामा रहेको तिखोली दरबारको जानकारी दिदै स्थानीय कमलबहादुर शाहीले बताए । सान्नित्रिवेणी गाउँपालिकामा रहेको पर्यटकीय क्षेत्रको प्रचार



त्रिवेणीमा आन्तरिक पर्यटकहरु । तस्विर : मिसन न्यूज


प्रसार गर्न सके, पर्यटकीय क्षेत्रसम्म मोटरबाटो पुऱ्याउन सके कालिकोटकै पहिलो पर्यटकीय स्थलका रुपमा लिन सकिने अनुमान गरिएको छ । कर्णालीका सवै जिल्ला र सुदूरपश्चिम पहाडका बझाङ, बाजुरा, डोटी, वैतडी र अछामको संगमस्थलको रुपमा त्रिवेणी धामलाई लिन सकिन्छ। त्रिवेणी क्षेत्रमा पुग्नै गाह्रो छ तर, पुगेपछि भने पर्यटकका मनहरु पनि रोमाञ्चित हुन्छन् । प्रकृतिका अनेक छटाले धार्मिक तथा पर्यटकीय क्षेत्र भनिए पनि त्रिवेणी अत्यान्तै दर्शनीय छ। त्रिवेणी पाटनको जुनसुकै भागमा उभिएर हेर्दा पनि मानिसले मनोहर प्रकृतिको विपुल छटाहरूले घेरिएको पाउँछ । विशाल( विशाल गलैंचा ओछ्याइएका जस्तै लाग्ने ठूला( साना पाटनले घेरिएको त्रिवेण हेर्न आएका आगन्तुकको मननै लोभ्याउछ। त्रिवेणीको वरिपरि मिलाएर उमारिएका जस्ता लेकाली वन, पानीको कलकल र अलिपरतिर लस्करै उभिएका पाटनले त्रिवेणीलाई पृथ्वी(तलको स्वर्ग जस्तै कन्चन बनाएको छ । त्रिवेणीले पश्चिम नेपालको धार्मिक(सांस्कृतिक आयाम निकै थपेको छ । विभिन्न प्रजातिका वनस्पति रहेका छन्। त्रिवेणी क्षेत्रमा एक सय भन्दा धेरै विभिन्न किसिमका फूल फुल्छन् र २ सय भन्दा धेरै किसिमका चराचुरुङ्गीहरु छन् सयौं खाले जडिवुटि पनि

**बाँकी ८ पेजमा.....**

## परिमार्जन गरेर मात्र एमसिसी पारित हुने : थापा

**मिसन न्यूज**
**सुर्खेत**

गृहमन्त्री रामबहादुर थापाले शान्ति र स्थायित्व बिना मुलुकमा विकास असम्भव भएको बताएका छन् । नेपाल सरकार गृहमन्त्रालय र कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयको संयुक्त आयोजनामा सञ्चालित दुई दिने सुरक्षा गोष्ठीमा सहभागी हुन शुक्रबार सुर्खेत आई पुगेका गृहमन्त्री थापाले आज यहाँ आयोजित पत्रकार सम्मेलनमा सरकारले आपराधिक नियन्त्रणलाई प्राथमिकता राखेको बताए । नेपाललाई आपराधिक अखडा बनाउँदै आएका चिनियाँ नागरिकलाई भर्खरै सरकारले पक्राउ गरेर देश निकाला गरेको जनाउँदै उनले भने, 'हामीले सीमापारिका अपराध नियन्त्रणमा उल्लेखनीय सफलता हात पारेका छौँ। सांस्कृतिक परिवर्तनस्वरुप सरकारले छाउपडी प्रथा उन्मूलन अभियान सञ्चालनन गरेको छ। यसबाट पनि समाजमा सकारात्मक प्रभाव पर्दै गएको छ।' पछिल्लो समयमा निर्यात बढेको बताएका गृहमन्त्री थापाले सरकारले आठ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य लिएको र विकास निर्माणका काम पनि निर्वाध अघि बढाएको जनाए। सरकारले गरेको लगानी सम्मेलन र चिनियाँ राष्ट्रपति सी



कार्यक्रममा बोल्दै गृहमन्त्री रामबहादुर थापा। तस्विर : मिसन न्यूज

चिनफिङको नेपाल भ्रमण नेपालका लागि लाभदायक भएको उनले बताए । त्यसैगरी, मिलियन च्यालेन्ज कर्पोरेसन (एमसिसी) राष्ट्रिय हितमा हुनुपर्ने बहस चलिरहेको र सभामुखको घोषणा भएपश्चात् सदनमा प्रस्तुत हुने उनको भनाइ थियो। एमसिसी सदनमा प्रस्तुत भएपछि त्यसमा भएका गलत प्रावधान परिमार्जन गरेर मात्र पारित हुने उनले जिकिर गरे । एमसिसी सरकारले सदनबाटै पारित गर्नुपर्ने किन बाध्यता भन्ने विषयमा पत्रकारले राखेको प्रश्नको जवाफ दिँदै गृहमन्त्री थापाले अमेरिकी सिनेटले पारित गर्ने भएकोले नेपालको सदनबाट पारित गर्नुपर्ने भएको जनाए । नेपालको सार्वभौमिकता र स्वतन्त्रतालाई कुण्ठित नहुने गरी यो सदनबाट पारित हुने उनको भनाइ थियो। विप्लवलाई मूल प्रवाहमा ल्याउने काम जारी नै रहेको बताउँदै उनले सदनबाट प्रहरी विधेयक पारित भइसकेको र अब राष्ट्रपतिबाट प्रमाणीकरण हुन मात्र बाँकी रहेको जनाए। भारतले सार्वजनिक गरेको नयाँ नक्साका कारण उब्जिएको विवाद र त्यसबाट दक्षिणसँग बिग्रेको सम्बन्ध सुधार गर्न कूटनीतिक प्रयास भइरहेको उनले बताए।

## कर्णालीमा नेकपाको विजय

लिलाराज संज्याल

**सुर्खेत** - राष्टि्रयसभाको निर्वाचन कर्णाली प्रदेशबाट नेकपा गठबंधनको उम्मेदवार माया प्रसाद शर्माले ३६४८मत ल्याई विजयी भएका छन्। भने नेपाली कांग्रेसका डिल्लीराम पाठकले १०२६ मत ल्याएर प्रजित भएका हुन्। महिला तर्फको उम्मेदवारमा नेकपा गठबन्धनकी सुमित्रा वि.सी. ३६८४ मत ल्याएर बिजयी भएकी छन्। भने उहाँको एकमात्र निकटत्तम प्रतिद्वन्दी नेपाली काँग्रेस की गणेश कुमारी बस्नेतले १०२६ मत ल्याएर प्रजित भएकी हुन् । विजयी शर्मा जाजरकोट र विसी सुर्खेतका हुन् । प्रतिद्वन्दी नेपाली काँग्रेसका डिल्लीराज पाठक र गणेशकुमारी बस्नेतले समान एकहजार २६ मत प्राप्त गरे ।



दुइ मत भने बदर भएको निर्वाचन अधिकृत डा. राजेन्द्रप्रसाद आचार्यले जानकारी दिए । उनले भने, निर्वाचनमा ९८.४८ प्रतिशत मत खसेको थियो । एक सय ९८ जना कुल मतदातामध्ये एक सय ९५ जनाले मतदान गरेका थिए। कुल मतदातामध्ये कर्णाली प्रदेश सभाका ४० जना सांसद र ७९ वटा स्थानीय तहका एक सय ५८ जना जनप्रतिनिधि रहेका थिए। निर्वाचनमा कुल मतदातामध्ये तीन जना मतदाता अनुपस्थित भएका थिए । जसमा कालिकोट तिलागुफा नगरपालिकाकी उपप्रमुख दन्ता नेपाली, डोल्पाको डोल्पोबुद्ध गाउँपालिका उपाध्यक्ष मल्लटासी गुरुङ र हुम्लाको नाम्खा गाउँपालिका उपाध्यक्ष पेमा तामाङ अनुपस्थित भएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएपछि मायाप्रसाद शर्माले कर्णालीको समृद्धिका लागि पहल गर्ने बताइन्। 'राज्यबाट कर्णाली अझै उपेक्षित छ, धेरै सम्भावना भएपनि यहाँको स्रोत साधानको सहि सदुपयोग हुन सकेको छैन' उनले भने, 'समृद्ध कर्णाली निर्माणका लागि केन्द्र सरकारलाई घचघच्याउने छु।' यस्तै नवनिर्वाचित राष्ट्रियसभा सदस्य सुमित्रा विसीले कर्णालीको गरिबी अन्त्यका भुमिका खेल्ने बताइन्। उनले भनिन्, 'विकासको पर्खाइमा रहेको कर्णाली गरिबी, अशिक्षा र बेरोजगारी समस्याले थलिएको छ। यस्ता समस्यालाई सामाधान गर्न म लागि रहने छु।

# सम्पादकीय...

## एमसीसी बहस के का लागि ?

सत्तासीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को स्थायी समिति बैठकमा छलफलका मुख्य अजेण्डामध्ये एमसीसी सहयोग पनि छ। नेकपाका स्थायी समिति सदस्यहरू भीम रावल, देव गुरुङ तथा बहालवाला मन्त्री योगेश भट्टराईले एमसीसी अमेरिकी सैन्य इण्डो-प्यासिफिक रणनीतिको अङ्ग भएको भन्दै सहयोगबारे आपत्ति जनाएको खबर बाहिरिए। बैठकले सहयोग रोक्नेबारे कुनै निर्णय गरेन। तैपनि कतै अत्यावश्यक प्रसारण लाइन निर्माणमा आउन लागेको सहयोगमा अवरोध आउने त होइन भन्ने आशङ्का भने जन्मायो। तर, नेकपाकै एक नेता भने 'परियोजना रोक्न नभई राष्ट्रवादी देखिने सार्वजनिक खपतका लागि बहसलाई कोट्याइएको' बताउँछन्। जानकारहरू यस्तो रणनीतिक महत्वको प्रसारण लाइनमा आउन लागेको अनुदान सहयोगमा भइरहेको अहिलेको बहसलाई असान्दर्भिक मान्छन्। वैदेशिक मामिलाका टिप्पणीकार टीका ढकाल दुई राष्ट्रबीच सम्झौता भइसकेको विषयमा अहिले फेरि विवाद झिक्दा द्विपक्षीय सम्बन्धमा विश्वसनीयताको प्रश्न उठाउने बताउँछन्। अर्थशास्त्री डा.विश्व पौडेल भन्छन्, कि त यस्ता आयोजना कसरी बनाउने भन्ने विकल्प दिनुपयो, नत्र आउन लागेको सहयोगबारे विरोध गर्नु गलत हो।

एमसीसी अन्तर्गतको सहयोग अमेरिकी रक्षा नीति इण्डो प्यासिफिक स्ट्राटेजीको हिस्सा हो वा होइन भन्ने बहस नयाँ होइन। संघीय संसदमा समेत यसबारे छलफल चलिसकेको छ। र, परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले यो सहयोग इण्डो प्यासिफिक रणनीतिको अङ्ग नभएको बताउँदै आएका छन्। २०७५ पुसमा परराष्ट्रमन्त्री ज्ञवाली अमेरिकी समकक्षी माइक पोम्पेओको निम्तोमा अमेरिकाको भ्रमण, सन् २०१९ को शुरूतिरै अमेरिकी इण्डो प्यासिफिक कमाण्डर फिलिप एस डेभिडसनको नेपाल भ्रमण, त्यसयता नेपाल आएका अमेरिकी उपराज्य मन्त्री जोसेफ फ्लेटर तथा दक्षिणएशिया हेर्ने उपमन्त्री डेभिड रान्जका कारण नेपाल यो अमेरिकी रणनीतिको हिस्सा बनेको आशङ्का गरिएको हो। त्यसमाथि, रान्जले त नेपाली पत्रकारहरूसँग एमसीसी सहयोग इण्डो प्यासिफिक रणनीतिकै हिस्सा भएको बताइदिएपछि आशङ्का थप चुलियो। गत जूनमा अमेरिकी रक्षा मन्त्रालयले जारी गरेको प्रतिवेदनले इण्डो प्यासिफिक रणनीतिलाई सैन्य रणनीतिको आशयका रूपमा र नोभेम्बरमा जारी विदेश मन्त्रालयको अर्को प्रतिवेदनले अमेरिकी विदेश नीतिको हिस्साका रूपमा छ।

**जनचेतना मुलक सन्देश**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृषि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

# यूवा शक्तिलाई अगाडी बढाउदैं

लिलाराज संज्याल
सुर्खेत

कर्णाली प्रदेशमा कालिकोट सुर्खेत सेवा समाजले यूवा शक्तिलाई अगाडी बढाउने भएको छ। हाम्रो सरोकार हाम्रो चासो, सुचना र सुशासन




यूवाको नासो भन्ने मुल ध्याएका साथ समृद्ध प्रदेश, सुखी कर्णालीबासी बनाउन युवा शक्तिलाई सक्षम र उद्यमशील बनाउने उद्देश्यले कर्णाली प्रदेश सुर्खेतमा रहेका कालिकोटका युवाहरुको सरोकारवाला संग अन्तरक्रिया कार्याक्रम गरेको हो। कर्णालीमा कृषि, पर्यटन, व्यापार व्यवसायको प्रचुर सम्भावना छ तर कर्मशिल यूवाको अभावले परनिर्भरता बढेको हुँदा कर्णालीको परनिर्भता अन्त्य आर्थिक समृद्धिका लागि युवा उद्यमशलितालाई जोड दिने सरकारको मुख्य लक्ष्य रहेका प्रदेशसभाका माननिय कुर्मराज शाहीले बताए। युवाहरुलाई खाडीको सपना देख्न छोडेर चिनो, कागुनो, सिमी र पर्यटन प्रवर्द्धनमा लाग्नु माननिय शाहीले आग्रह गरे। युवा श्रमशिल, कर्मशिल भएमा हामीले कसैसँग माग्नु पर्दैन। कर्णालीमा खेती योग्य जमिन बाँझै छ। कर्णालीका कुल यूवाको संख्या मध्ये ७० प्रतिशत यूवा कालापहाडमा छन्। वर्षेनी करिब तीन हजार मेट्रिकटन खाद्यन्न कर्णालीमा अभाव भएको माननिय शाहीले बताए। कर्णाली प्रदेशमा मात्र नभएर कर्णालीका सवै स्थानीय तहमा यो समाज गठन हनु पर्ने शाहीले बताए। धेरै जसो यो समाज सामाजिक संजालमा मात्र आज सम्म देख्ने गरेको छ। आगामि दिनमा कर्णाली प्रदेशका सवै स्थानीय तह तथा जिल्लामा हुनु पर्ने माननिय शाहीले बताए। कर्णालीको परभिर्नरता अन्त्य यूवा परिचालनबाटै सम्भव हुने देखिन्छ। कर्णाली परिवर्तनको लागि युवाहरुको खाँचो छ। कर्णालीमा हुने जातिय समानता, छाउपडि पर्था, लैङ्गिक समानता र मानव अधिकारका लागि यूवा जिमेवारीको बोध गराउने, यूवा स्वरोजगारका लागि सम्वन्धीत निकायसंग सहकार्य गर्दै कालिकोटका यूवालाई रोजगारमा जोड्ने कालिकोट,सुर्खेत सेवा समाजमा अध्यक्ष लोकेश रोखरेलले बताए। कर्णालीमा रोजगारी भएन भनेर विदेश जाने चिन्तन हटाउन आवश्यक रहेको कालिकोट,सुर्खेत सेवा समाजमा अध्यक्ष

**बाँकी ८ पेजमा.....**

## वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# छाउगोठ भत्काउनु भन्दा पहिला छाउ मानसिकता भत्काइयोस



**अल्किना बम (बविता)**

यतिबेला छाउगोठ भत्काउने सरकारी अभियानले चर्चा पाएको छ। अझत सरकार प्रहरी प्रशासन लगायर दुर्गम बस्तीका छाउगोठ दिनानुदिन भत्काइरहेकोछ। मलाई लागिरहेको छ छाउगोठ भत्काउने अभियानले एकखालको तरङ्ग ल्याएको छ नै । तर, के छाउ गोठ भत्काउँदैमा अब महिनावारी भएकी महिला घरभित्रै बस्न पाउँछन् त ? वा उनीहरु आफै पनि गोठ छोडेर घरभित्र बस्न सक्ने छन् त ? गम्भीर रूपमा यो सवाल उठिरहेको छ। हुनत यो पल म शहरको पल्लो पट्टी एउटा घरको छतमा उभिएर सोचिरहेछु। यतिका बर्ष यिनै छाउगोठका नाममा बनेका सरकारी गैरसरकारी संस्थाले के गरे होलान ? छाउगोठ र छाउपडिकै निम्ती करोडौं रकम खर्चिएको सरकारको त्यो अभियान कहाँ पुर्याएर बिर्सजन गर्यो होला ? छाउगोठकै नाममा काठमाडौंका ठुलाठुला तारे होटलहरुमा बसेका सेमिनार गोष्ठीहरुको उपलब्धी के रहयो होला ? के छाउगोठ भत्काउँदैमा छाउपडी कुप्रथाको अन्त्य हुन्छ त ? भन्ने प्रश्नले मनमा काउकुति पैदा गरेको छ। प्रश्न स्वभाविक छ, किनभने यसअघि पनि छाउगोठ पटक पटक नभत्काइएका होइनन ।आखिर खै त छाउपडी प्रथा हटेको ? मलाई अच्चम लागेको छ । युगौयुगदेखिका मानसिकता छाउगोठसंगै भत्किदैछन । संभव होला त ? धेरै जसो सुरक्षाकर्मि युवायुवती सरकारको सहभागीतामा भत्काउदै हिडेका छन । यो झट हेर्दा गजबको दृश्य लागिरहेछ। गोठ भत्काउनु भन्दा पहिला मानशिकतामा भएको खोट भत्काउनु पर्छ कि पर्दैन ? सवाल जब्बर बनेर उठिरहेको छ। हुनत छाउपडी प्रथालाई पहिलोपटक 'मुलुकी अपराध संहिता विधेयक, २०७४' ले फौजदारी अपराध भनेको छ । छाउपडी बस्न बाध्य गराउनेलाई तीन महिनाको कैद र जरिवानाको व्यवस्था ऐनमा छ । गोठ त भत्किए तर चेतना भने जस्ताको तस्तै भए यो अभियान बालुवामा हालेको पानी सरह हुने निश्चित छ। सामाज पुर्ण अध्यात्ममा छ। अन्धबिश्वासको माखे जालोले नराम्ररी जेलेको छ। अन्धविश्वासमा हुर्कियका समाजमा मान्छे जस्ताका त्यस्तै छन। महिनावारीलाई अपराधका रुपमा बुझ्ने चेतनामा रथी परिबर्तन आएको छैन । अथवा छुईलाई अपराधको रुपमा हेर्ने गर्दछन। यति मात्रै कहाँ होर पुरुषबादी सामाजमा महिलाहरुलाई पुरुषको खुट्टाको जुत्ता जस्तै बुझ्ने परम्परा छ। बजारमा सजायर राखेका खेलौना जस्तै ठान्ने प्रबृति पनि छ। यो तमाम बिषयमा सरकारले या सरोकारवाला निकायको ध्यान जानु जरुरी छ। लिंगका अधारमा भेदभाव गर्न पाईदैन हक अधिकार समान हुनपर्छ भनेर कानुन बोल्छ तर समाजमा त्यो कुराको बोधत्व हुदैन । महिलालाई द्रोसो दर्जाको रुपमा हेर्ने आँखामा चश्माम लागाउन बाँकी नै छ । मलाई लाग्छ सयनुसार छाउपडि प्रथा अन्त गर्न विभिन्न ठाउमा छाउगोठ भत्कियका छन तर मन भने पट्क्कै भत्कियका छैनन। महिलामाथि हुने हिंसा जन्य घटना महिलाको स्वास्थ शारिरिक अबस्थाको मध्यनजर गरि छाउगोठ भत्काइयका छन तर पनि छुई अथवा रजस्वला प्रति हेर्ने नजर परिवर्तन भएको छैन। मान्छेले मान्छेलाई कुल्चने हाम्रो समाजमा तिव्र रुपमा अघि बढेको छ। यो बैज्ञानिक सत्यता भन्नपर्छ छाउपडि पर्था उन्मुलन गर्न आफु परिवर्तन हुन जरुरी छ। तसर्थ सरकारले अभियान सन्चालन गरेको छाउपढि गोठ भत्काउने स्वभाबिक सवाल हो। आज २१ औं शताब्दिको यस दुनियाँमा पनि महिलामा हुने र जस्वलालाई कसैसग नछुने छुट्टै गाईभैसिको गोठमा बस्ने बस्नुपर्ने बाध्यता अहिलेसम्म पनि रहिरहनु बिडम्बना नै मान्नु पर्दछ। सुचना र प्रिबिधिको बिकासले दुनिया अर्को सामाजको बिकासको चरणमा छ। जीवन यापन सुख सुबिधा अन्य सवालमा थोरै मेहेनतमा धेरै लाभ कसरी लिने भन्य सोचिरहेको छ। आज देशमा संघियतामा छ तीन तहका सरकार छन तर पनि हाम्रो सोचाई र बुझाई बिगतकै छ। बिगतका सोचाई बुझाईबाट माथि उठ्न जरुरि छ। समग्र चेतनस्तर नउठाई अहिले भत्काईयका गोठले मात्रै मन भत्किन अबस्था देखिदैन । त्यसैले व्यापक रुपमा जनचेतना जोगाउदै छाउगोठ भत्काउन जरुरि छ। छाउगोठ भत्काउने तर मानसिक्तामा भत्कियन भने ओडार र घरको आगनमा ओत लागेर बस्ने अबस्था आउने निश्चित छ। त्यसको परिणमबारे पनि ध्यान जान जरुरी छ। कुसेन्यूजबाट

# संघियताको परिचयमा अल्मलिएको म र मेरो समृद्धिको यात्रा : समिक्षा



**लक्ष्मण बम**

आज मेरो देश नेपाल शिशु स्यारमा ब्यस्त रहेकि आमा जस्तै गणतन्त्रलाई स्यारसुसारमा बेस्त रहेको अनुभुती आज हामीलाई परिरहेको छ। देशले लामो संकट पछि जन्माएको यो गणतन्त्र छैटि पछि मंलेरिको ब्याख्या एक थियो त न्वारन पछि ज्वतिस को ब्याख्या एक रहदैआएको थियो त आज मन्डेश्वरिमा भर्ना हुदा गुरु आमा अनि मन्डेश्वरि परिवारले चालचलन र आनिबानि अनुसार आफ्नै ब्याख्या अनुसारको नामाकरण गरि रहेका छन । आमुल परिवर्तनको एजेन्डा बोकेर आएको यो शिशु शितिज पारिको किरण बनेर थुप्रै चुनौति झेल्नुपरेको छ मौषम प्रतिकुलताले किरण छेकिएका छन त यहि समयमा सुर्य चन्द्र र पृथ्वी एउटै रेखामा परेर ग्रहणको सामान गर्नु परेको छ। हाम्रो परम्परा अनुसार छैटिमा कोरिएको कर्म रेखाले भबिस्य निर्धार्ति गर्छ न्वारनमा जोतिसिले तयार गरेको कर्म कान्डले यात्रा सहज सरल बनाउछ र भबिष्य राम्रो बनाउछ अनि केही बाँकि उस्को मेहनतले पनि भबिष्यलाई उज्वल बनाउछ भन्ने सुनेका थियौ त्यसैले सामाजिक परम्परा ,जोतिस शास्त्र र शिशुको स्वभाव जन्य कृयाकलापमा बिस्वास राख्दै अघि बढिरहेछौ। मैले बिस्वास गर्ने मार्क्सवाद लाई आदर्स ठान्दै ,बिज्ञानलाई किताब मानेर , सामाजिक परम्परलाई फिल्टर भित्र राखेर दैनिकि चलाइरहेको छु। यहाँ शिशु अवस्थामा रहेको गणतन्त्रको भ्रमण बिकाशमा लागेको दस बर्षको त्यो अथक त्याग तपस्या र संघर्ष ,१९ दिन लामो प्रस्वबपिडाको छट्पटी अनि छैटि र न्वारान मा दुइपटकको पारिबारिक मा परेको समस्या र जिम्मेवारी पछि तयार भएको जन्म कुन्डलि को अबलोकन र सहभागिता हुदा यस प्रतिको बुझाइ ,आशा र अपेक्षा मा कुनै कसुर राखेको थिएन। किनकि यहाँ ३ तले शुबिधा सम्म्पन्न महल निर्माण भएको छ ।७५३ गुणस्तरीय कोठा सजिएका छन । त्यी कोठा पाँच बर्ष सम्म भाडामा दिएर निर्माता ढुक्कसँग दैनिकि गुजार्ने ठाउँमा छन । कोठा कोठामा सौचालय छन ,प्रत्यक कोठामा आफ्नै भान्साको ब्यबस्थापन गरिएको छ , तातो चिसो पानिको लाईन जोडिएको छ ,फरकफरक पासपोर्ट मा चल्ने इन्टरनेट छ,आफ्नै सुईच थिचेर बत्ती बाल्ने ब्यबस्था छ , आगनमा पार्किङ को बन्दोबस्त मिलाएको छ ,सबै कोठामा टेलिभिजनको ब्यबस्था छ , सबैले टेलिफोन गर्न लाईन जोडिएको छ र यो ब्यबस्थापनले हामिमा एक उर्जा थपेको र आशा पलाएको थियो र हामिले सबैलाई आशा बाँडेका थियौँ । किनकि स्वरुपमा हामी बस्ने महल परिपक्वता देखिन्छ तर समचार सुन्दा टेलिभिजन ले झ्यारझ्यार गरिरहन्छ ,ईन्टरनेटले फन्को मारि रहन्छ ,तातोपानी खोज्दा पावरले काम गरि रहेको छैन, बिद्धुतिकरणमा संचित छ्यामता नहुनुले मैनबत्तिको साहारा अनिवार्य भएकोछ। ग्यासको अभाबमा गागो बाल्न महलको सजावटले संकट पैदा गरेको छ , भौगोलिक कठिनाईले खानेपानिसँग साप्ताहिक भेटघाट हुन्छ र सौचालय प्रयोग र सरफाईमा चुनौति देखिएको छ। टेलिकमले प्रबिधिको दुनियाँलाई दोस दिदै भेटघाटमा मन्दता देखाएको छ। समस्या समाधान खोज्दा श्रोत एउटै भएकोले श्रोत प्रणालिले सहजै एउटाले चाहे सामाधान असम्भब देखिन्छ । सामाधान पछि दौडिदा प्रकृयाले मालिक खोज्छ र मालिक लाई सुबिधा भन्दा भाडामा मात्र चिन्तित भएकोले भाडा कबुलको समयमा भेट हुनेछ र त्यो समय ५ बर्ष सकिने समयको मुखमा हुनेछ। आज हामी न अभिभाक हुनसकेका छौ न अभिभाबकको अनुभुती गर्न सकेका छौ हामी मा अन्यौलता ले जरा गाडेको छ उधारणमा बिकाशका लागि बजेट कार्यनयन प्रकृया मा कहिले योजना माग ,कहिले बजेट माग , कहिले निकासा माग त कहिले कार्यनयन पद्धति र प्रकृया माग बजेट कार्यनयन को समय रेखा तोकेको छ निकासा नभई सम्झौता गर्न मिल्दैन सम्झौता नभई काम अधि बढाउन मिल्दैन माथिल्लो तहले घोषणा गरको बजेट बाटोमा ९ मैना लगाउछ ठेक्का गर्न र सम्झौता गर्न दुई मैना लाग्छ बाँकि रहेको एक मैना भुक्तानी र प्रतिबेदनको काम कार्यनयन कहिले ? र प्रभाबकारिताको समय खै ? दैनिकि हाम्रो यसै पछि मात्र भागाभाग मा चलिरहेको छ तलै पिच्छे चाल चलन र रहनसहन फरक छ मैले बुझेको गणतन्त्र र आज भोगेको र देखिरहृको साथै हरुले व्याख्या गर्दाको गणतन्त्र फरक देखिरहेको ले म र मेरो यात्रा बिचबाटोमै अल्मलिएको छ यात्रा सुचारु छ सहि र सरल बाटो को खोजि गरिरहेको छु। हाम्रो अनलाइनबाट

**हाम्रो अनुरोध**

सिंचाइ पुर्वाधार,खानेपानीको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार गरौं। गरिबी न्यूनिकरण गरौं।

खानेपानी,सिचाई तथा उर्जा विकास कार्यालय
कर्णाली प्रदेश, कालिकोट नेपाल

# विकासको पञ्चवर्षीय योजना तयार गर्दै कर्णाली प्रदेश

मिसन न्यूज
सुर्खेत



प्रदेश योजना आयोगले तयार गरेको कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको मस्यौदाका बारेमा सदस्यहरुको सुझाव तथा मार्गदर्शन लिइने भएको छ । कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको मस्यौदाका बारेमा कर्णाली प्रदेश विकास परिषदको पहिलो वैठक प्रदेश राजधानी वीरेन्द्रनगरमा बसेको हो । परिषद अध्यक्ष मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको अध्यक्षतामा शुरु भएको बैठकमा परिषदको सदस्यका रुपमा प्रदेश सरकारका मन्त्रीहरु, विपक्षी दल नेपाली काँग्रेसका संसदीय दलका नेता जीवनवहादुर शाही, प्रदेशसभा संसदीय समितिका अध्यक्षहरु, गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिका प्रमुखहरुको सहभागिता रहेको थियो ।

कर्णाली प्रदेश योजना आयोगले तयार पारेको कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको मस्यौदा यो समितिद्धारा सुझाव लिएर सस्वीकृत गर्ने कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्र बहादुर शाहीले बताए । कर्णाली प्रदेश योजना आयोग ( गठन तथा कार्यसञ्चालन) आदेश २०७५ को दफा ७ को प्रावधान वमोजिम गठित प्रदेश विकास परिषदको वैठक पहिलो पटक सुरु भएको हो । कर्णाली प्रदेशको विकास र समृद्धिको मार्गचित्रका रुपमा योजना आयोगले तयार गरेको प्रथम पञ्चवर्षीय योजना (आ.व. २०७६/७७ देखि २०८०/८१) मस्यौदामा १० वटा परिच्छेद रहेका छन । पञ्चवर्षीय योजनाको मस्यौदामा स्थानीय तथा प्रदेश तहका जनप्रतिनिधि, विज्ञ एवम् सरोकारवालाहरुको सुझाव लिएर स्वीकृतिका लागि प्रदेश सरकारलाई पेश गरिने भएको छ । समृद्ध कर्णाली सुखारी कर्णाली बासि भन्ने मुलध्यायका साथ कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनाको मस्यौदाको सुझाव लिएर सरकारलाई पेश गर्ने आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव तथा यस परिषदका सदस्य सचिव विश्णु प्रसाद नेपालले बताए । यो प्रथम पञ्चवर्षीय योजनाको मस्यौदामा कर्णालीमा हुने आर्थिक तथा पुर्वाधारहरुको योजना रहने सचिव नेपालले बताए । यस्तै कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजनामा समावेश गरे अनुसार अवको २५ मा समृद्ध कर्णाली,सुखारी कर्णाली बासीको सपना पुरा हुने कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष डा.पुण्यप्रसाद रेक्मीले बताए । कर्णालीमा विकासको लागि प्रदेशको उद्देश्य पञ्चवर्षीय योजनामा समस्ठिगत वित्तिय क्षेत्र, पुर्वाधार क्षेत्र, सामाजिक क्षेत्र, आर्थिक क्षेत्र, सुशासन, अन्तर सम्वन्धी विषय र कार्यन्वयन अनुगमन तथा मुल्याङ्कन यस परिषदमा समावेश गरेको कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष रेक्मीले बताए । कर्णाली आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव सदस्य सचिव रहेको विकास परिषदमा कर्णाली प्रदेश सरकारले विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका ५ जनालाई सदस्यमा मनोनयन गरेको छ । परिषद सदस्यहरुमा डा. राधिका वुद्थापा (जुम्ला), उषा लामा (हुम्ला), चन्द्रा अधिकारी (जाजरकोट) मध्यपश्चिमाञ्चल विश्वविद्यालयकी एशोसियट प्रोफेसर यशोदा थापा र उद्योग वाणिज्य महासंघ कर्णाली प्रदेश अध्यक्ष पदमवहादुर शाहीलाई सरकारले मनोनयन गरेको थियो ।

**स्वास्थ्य सन्देश**

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ । तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस् ।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

**प्रकोप नियन्त्रणको सूचना**

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

**सम्पुर्णमा हाम्रो अनुरोध**

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

रास्कोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

# आफु कतै नलुकेर बिरामी परेको : उपप्रमुख नेपाली

मिसन न्यूज
कालिकोट

चार महिनादेखि उपप्रमुख सम्पर्कविहिन भनिएकि कालिकोटको तिलागुफा नगरपालिकाकी उपप्रमुख दन्ता नेपाली (दर्शना) ले आफु कतै नलुकेर बिरामी परेको भनेकी छन् । नगर प्रमुख रत्नबहादुर शाहीले विभिन्न मिडियासंग उपप्रमुखले आफुसंग सम्पर्कमा नरहेको बताएपछि उनले आइतवार सामाजिक संजाल फेसबुकमा लामो स्टाटस लेखेकि छन् । स्टाटसमा उनले आफु बिरीमी परेको र उपचारत रहेको तथा उपचारमा स्थानिय सरकारको पैसा खर्च नगर्ने भन्दै आफुलाई अमेरिकामा लुकेको बताउनेहरु प्रति आक्रोश व्यक्त गरेकि छन् । नगरपालिका संघको सिफारिसमा चार महिना अघि अमेरिका गएकी उपप्रमुख नेपाली कसैसंग सम्पर्कमा नरहेको र फेसबुक एकाउन्ट पनि डिएक्टिभेट रहेको मेयर शाहीले बताएका थिए । उनको फेसबुक एकाउन्ट भने शुक्रबार मात्रै एक्टिभेट भएको थियो । नोभेम्बर १५, २०१९ मा फिलिङ सिक भनेर उफ लेखेर स्टाटस राखेको देखिन्छ । उनले लेख्न सहयोग उषा कुमाई ले गरेको स्टाटसमा उल्लेख गरेकि छन् । उनले भनिन्, आफुले मेयरलाई गरेको



आफ्नो फोन नउठाएको गुनासो गरेकी छन् । उनले लेखेकि छन् । म आराम छैन । तपाईहरु आराम हुनुहुन्छ भन्ने बिश्वास छ । ओरालो लागेको मृगलाई सबैले खेद्छन भन्थे हो रहेछ आज आएर बुझ्दै छु । आफु कतै नहराएको र नलुकेको बताउँदे उनले आफुले मेयर रत्न शाहीलाई जानकारी गराएर अमेरिका गएको लेखेकि छन् । अमेरिकाबाट बारम्बार फोन गर्दा कार्यालयमा मेयरलाई सम्पर्क गर्दा उहाँको फोन कहिले पनि उठेन र प्रमुख प्रशासकिय अधिकृत उद्यव विजाल जि संग पनि कुरो भएको हो । सबै वडा अध्यक्ष संग पनि कुरा भएको बताउँदै उनले कतैबाट प्रतिक्रिया नआएको लेखेकि छन् । अमेरिका जाँदा

# ८ लाख घुस सहित गाउँपालिका अध्यक्ष पक्राउ

मिसन न्यूज
सुर्खेत

अख्तियार दुरूपयोग अनुसन्धान आयोग सुर्खेतले ८ लाख घुससहित गाउँपालिका अध्यक्षलाई पक्राउ



गरेको छ । जाजारकोट जुनीचाँदे गाउँपालिका अध्यक्ष कृष्णबहादुर केसीलाई सुर्खेत कटकुवा हेल्थ पोष्टको घण्टाघर अगाडी रंगीहात पक्राउ गरेको हो । उनलाई पक्राउ गर्नका लागि अख्तियारमा उजुरी गरिएको अख्तियार दुरूपयोग अनुसन्धान आयोग सुर्खेतले जनाएको छ । निर्माणको रकम उपभोक्ता समितिबाट बाग्रेनिङग् गरी लिएको अवस्थामा अख्तियारले पक्राउ गरेको हो । उनको साथमा जाजरकोटकै चन्द्रबहादुर वस्नेत समेत पक्राउ परेका छन् । उपभोक्ताबाट दुवै जनाले ८ लाख असुलेको अख्तियारले जनाएको छ । थप अनुसन्धानका लागि मुचुल्का भइरहेको जनाइएको छ । जुनीचाँदे गाउँपालिकाका अध्यक्ष कृष्ण बहादुर केसीलाई ८ लाख घुससहित पक्राउ गरिएको अख्तियार स्रोतले जनाएको छ । भ्रष्टाचार विरुद्धको सहकार्य सुशासनका लागि अपरिहार्य नारा बोकको अख्तियार दुरूपयोग अनुसन्धान आयोग सुर्खेतल घुससहित पहिलो पटक जनप्रतिनिधिलाई कर्णाली प्रदेशबाट पक्राउ गरेको हो ।


## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट



## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साँझ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल (वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट



## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट



## स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
| --- | --- |
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

# विकासको पर्खाइमा कालिकोटका केही बस्ती

मिसन न्यूज

कालिकोट

जिल्लाका ९ स्थानीय तहमा भौगोलिक विकटता र छरिएको वस्तीका कारण घर घरमा विकास पुऱ्याउन समस्या भएको छ। एक्लो घर भएका ठाउँमा विकासका सबै पूर्वाधार निर्माण गर्न समस्या हुने गरेको जनप्रतिनिधिको गुनासो छ। 'बस्तीदेखि टाढा भएका घर विकासको मुल प्रवाहमा जोड्न बस्ती बनाउने भनेर सम्भाव्यता अध्यायन गरी १३ ठाँउहरु छनोट गरिएको छ । कुनै वडामा जनसंख्याका आधारमा एकदेखि तीन वटासम्म एकीकृत बस्ती निर्माण हुनेछन्। विकास निर्माणका पूर्वाधार तयार गर्न ठूलो रकम खर्च गर्नुपर्ने अवस्था रहेको छ। 'हाम्रो गाउँपालिकामा सडक पुगेको छैन् । सबै बस्तीमा खानेपानीको सुविधा पुगाउन सकिएको छैन्', शुभकालिका गाँउपालिका




निकै सकस छ', रास्कोट नगरपालिका प्रमुख कासीचन्द्र बरालले भने, 'भौगोलिक रुपमा विकट बस्ती अहिले विकासको मुख्य बाधक बनेको छ।' उनले भने, रास्कोटका १ देखी ९ वडासम्मका हरेक बस्तीका विकासका सबै पूर्वाधार लान समस्या भएपछि प्रदेश सरकारको सहयोगमा एकीकृत बस्ती निर्माणको थालनी गर्न लागेको बताए । 'रास्कोट ७ कर्कलेचाका भन्ने ठाँउमा ९० घर निर्माण गरेर एकीकृत बस्ती निर्माणको अभियान सुरु गरेका छौं', बरालले भने, 'जसको प्राविधिक तयारी अनुसार ४० करोडको लगानी लाग्ने छ । प्रदेशकै एकीकृत नमुना बस्ती रास्कोटको कर्कलेचाकाबाट सुरु भएको छ ।' यिनलाई व्यवस्थित बनाउनका लागि रास्कोट नगरपालिकाका ९ वटै वडामा १३ वटा नमुना एकीकृत बस्ती बनाउँछौं । कुन वडामा कहाँ

अध्यक्ष खडानन्द चौलागाईं भन्छन्, घरहरु यत्रतत्र छरिएका छन् । छरिएको बस्ती विकासको मुख्य बाधक बनेको छ ।' जिल्लाका अन्य स्थानीय तहमा पनि समस्या उस्तै छ । छरिएर रहेका वस्तीमा विकासका पूर्वाधार लान समस्या रहेको पलाँता गाँउपालिका अध्यक्ष लक्ष्मणबहादुर बमले बताए ।

जिल्लाको सदरमुकामसमेत रहेको खाँडाचक्र नगरपपालिका, तिलागुफा नगरपालिका, नरहरीनाथ गाउँपालिका, महावै गाउँपालिका, पचालझरना गाउँपालिका, सान्नीत्रिवेणी गाउँपालिकाका पनि हरेक बस्तीमा विकासका पूर्वाधार निर्माण भएका छैनन्। स्थानीय सरकारले एक घर एक खानेपानी धाराको अभियान थालेपनि छरिएको बस्तीकै कारण हरेक घरमा धारा पुर्याउन समस्या भएको जनप्रतिनिधिको भनाइ छ।

# कोरोना भाइरस देखियो नेपालमा



नेपालमा नयाँ भाइरस देखा परेको छ । नयाँ भाइरसको परिक्षण नेपालमा उपलब्ध नभएपछि राष्ट्रिय इपिडियामोलोजी तथा रोग नियन्त्रण महाशाखाले उपचारको लागि विश्व स्वास्थ्य संगठनको मान्यता प्राप्त ल्याव चीन पठाएको थियो। उनको रिपोर्ट विहिवार साँझ प्राप्त भएको हो। बिरामी भने शुक्रराज टेकु अस्पतालमा तीन दिनको उपचार पछि घर पठाइएको छ । अस्पतालले उपचारमा पुगेका उनलाई शंकास्पद लागेपछि आइसोलेशन वार्डमा भर्ना गरेको थियो । लाक्षणिक उपचार गरी अस्पतालले डिस्चार्ज गरेको थियो । गत डिसेम्वर २०१९ मा पहिलो पटक देखा परेको यो भाइरस अन्य राष्ट्रहरु कोरिया,सिंहापुर,थाइल्याण्ड जापान,थाइल्याण्ड र अमेरिका,लगायत मूलुकमा फैलिसेको छ । यो भाइरस पशुवाट मान्छे र मान्छेवाट मान्छेमा सरेको विश्व स्वास्थ्य संगठनले जनाएको छ। यो रोगको कारण हालसम्म १७ जनाको मृत्यु भएको र ५ सय ८१ जनामा संक्रमण भइसकेको छ। नेपालमा चीनवाट दैनिक आवात जावात हुने र अन्य मूलुकमा समेत फैलिएको अवस्थामा नेपालमा यसको थप जोखिम रहेको मन्त्रालयले जनाएको छ। भाइरसले जनस्वास्थ्यमा पर्न सक्ने असरलाई मध्यनजर गर्दै पुर्व तयारीमा जुटेको मन्त्रालयका प्रवक्ता महेन्द्र श्रेष्ठ,राष्ट्रिय इपिडियामोलोजी तथा रोग नियन्त्रण महाशाखा प्रमुख डा.विवेक कुमार लाल र टेकु अस्पताल प्रमुख डा.वासुदेव पाण्डेले बताए ।

**के हो कोरोना भाइरस ?**

कोरोना भाइरस सन् २००३ मा देखिएको सार्स प्रजातिभित्रकै नयाँ भाइरस हो । यो पशुवाट मान्छे र पशुमा संक्रमण गर्छ। तर अहिलेसम्म जनवारवाट मानिसमा संक्रमण भएको आधार प्रमाणित भइसकेको छैन। सुरुमा रुघाखोकी लाग्ने र कडा ज्वरो आउने र समयमै उपचार नभए मिर्गौला समेत फेल भई बिरामीको मृत्यु हुन सक्छ। यो भाइरस मानिस या पशुवाट मानिसमा सरिरहेको छ भन्ने बारेमा प्रमाणित भइसकेको छैन ।

**लक्षणहरु**

- कडा ज्वरो आउने
- श्वास-प्रश्वासमा अत्यधिक समस्या हुने
- रुघाखोकी लाग्ने
- समयमै उपचार नभए मिर्गौला फेल हुने

**कसरी बच्ने ?**

- नियमित रुपमा सावुन पानीले हात धुने
- यदि फ्लु जस्तो लक्षण देखिएमा चिकित्सकसित परामर्श लिने
- जंगली तथा घरेलु पशुपंक्षीहरुसित असुरक्षित सम्पर्कवाट टाढा रहने
- खोक्दा हाँच्छ्यु गर्दा नाक र मुख छोप्ने

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको,कार्यालय
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |


मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# अग्नि सापकोटा निर्विरोध निर्वाचित

**मिसन न्यूज**

**काठमाडौं**

प्रतिनिधिसभाको सभामुखमा अग्निप्रसाद सापकोटा निर्वाचित भएका छन् । संसदको बैठकले सापकोटालाई निर्विरोध निर्वाचित गरेको हो । सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का उम्मेदवार सापकोटालाई सभामुखमा नेकपा संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले




प्रस्ताव गरेका थिए। नेम्वाङको प्रस्तावलाघ नेकपा संसदीय दलका प्रमुख सचेतक देव गुरुङ, पूर्व सभामुख ओनसरी घर्ती र राष्ट्रिय जनता पार्टी (राजपा)का सांसद लक्ष्मण लाल कर्णले समर्थन गरेका थिए । सभामुखका उम्मेदवार अग्नि सापकोटा नेकपाको स्थायी कमिटी सदस्य एवं प्रतिनिधिसभा सदस्य हुन् । सापकोटासँग १५ वर्षको शिक्षण अनुभव र शिक्षक आन्दोलनको अनुभव छ। १० वर्षे जनयुद्धमा नेतृत्वको वरिपरि रहेर खेलेको भुमिका अनि ०६२र०६३ को जनआन्दोलनमा काठमाडौं उपत्यकाको कमाण्ड सम्हालेको र शान्ति प्रक्रियापछि दुईपटक मन्त्री बनेको अनुभव पनि सापकोटासँग छ । सिन्धुपाल्चोकको कुभिन्डेमा २०१६ साल फागुन २४ गते जन्मिएका सापकोटा राजनीतिमा आउनुअघि शिक्षक थिए । उनले १५ वर्षसम्म शिक्षण गरे । ७ बर्ष सिन्धुपाल्चोकको साँगाचोकस्थित जनजागृति माविको प्रध्यानाध्यापक भएर काम गरे । सापकोटाको औपचारिक अध्ययन समाजशास्त्रमा स्नातकोत्तरसम्म हो । शिक्षण पेशामा रहँदा नै उनी कम्युनिस्ट पार्टीमा आवद्ध भए। ०२९ सालमा कम्युनिस्ट विद्यार्थी संगठनमा आवद्ध भएका सापकोटा ०३५ सालमा मोहन बैद्य नेतृत्वको नेकपा (चौम) को सदस्य भए । ०३७ सालमा उनी शिक्षक संघर्ष समितिको सदस्य भए। जिल्ला अध्यक्ष, हुँदै पछि वामपन्थीहरुको साझा शिक्षक संगठनको महासचिवसम्म भए । विभिन्न आन्दोलनका क्रममा उनी दुई वर्ष जेल परेका थिए ।

# मुस्कान छर्ने नेपालीहरुको कथा

**एजेन्सी**

**युएई**

सामाजिक प्रतिष्ठासँग जोडेर हेर्ने हो भने कुनै नेपालीले खाडीका देशमा श्रम गर्छु भन्दा समाजले उसको योग्यता र सीपलाई फरक नजरले मूल्यांकन गर्छ। यी देशमा काम गर्नेहरु अदक्ष, सामान्य लेखपढ र अन्य क्षेत्रमा जान नसकेकाहरु छन् भन्ने सोचाइ यदाकदा अझै पनि छ। युएईमा



करिब २ लाख ५० हजार नेपाली श्रमरत छन् । विभिन्न क्षेत्रमा श्रम गरिरहेका नेपालीले देशको अर्थतन्त्रमा मात्र योगदान दिएका छैनन्। उनीहरुले यहाँबाट आर्थिकोपार्जनसँगै सीप, दक्षता, विकासका पूर्वाधारको नयाँ प्रयोगलाई प्रत्यक्ष अनुभूत गरिरहेका छन् । उनीहरुले आर्जन गरेको सीप देशमा समेत भित्रिएको छ। सुरुआतमा सामान्य कामदारका रुपमा युएई आएका नेपालीहरु करिब एकदशक यतादेखि आफ्नै लगानीमा व्यवसाय संचालन गर्ने हैसियतमा पुगेका छन् । शारीरिक श्रम गर्ने मजदुरदेखि कम्पनी संचालकको हैसियतमा पुग्नुको पछाडि थुप्रै कथा लुकेको हुन्छ । ४० जना नेपालीको कथा समेटिएको उक्त पुस्तक युएईमा श्रमगर्न आउनेहरुका लागिसमेत ज्ञानबर्द्धक रहेको पब्लिकेशनकी अध्यक्ष ध्रुर्व केसीले बताइन् ।

युएईले बाँडेको मुस्कान को विमोचन नेपाली दूतावास आबुधाबीमा एक कार्यक्रमकाबीच 'युएईले बाँडेको मुस्कान'को विमोचन गरिएको छ ।

गैरआवासीय नेपाली संघ संस्कृतिक तथा भाषा साहित्य प्रवर्द्धन समितिको मुख्य आयोजनामा दूतावासको सभाहलमा भएको कार्यक्रममा युएईका लागि नेपाली राजदूत कृष्णप्रसाद ढकाल, उज्यालो रेडियो नेट्वर्क तथा उज्यालो अनलाइनका संचालक गोपाल गुरागाईं, बुलबुल पब्लिकेशनकी धुर्व केसीलगायतले पुस्तकको संयुक्त रुपमा विमोचन गरेका हुन्। विमोचन सम्मारोहमा बौल्दै राजदुत ढकालले विदेशमा आर्जन गरेको सीपलाई स्वदेशको विकासमा पनि जोड्नुपर्ने बताए ।

अभिलेखका रुपमा रहेको पुस्तक युएई र नेपालको सम्बन्ध थप बलियो बनाउन महत्वपूर्ण हुने जनाए। एनआरएन यूएईका सह-कोषाध्यक्ष फडिन्द्र ढकालको सभापतित्व रहेको कार्यक्रममा पुस्तकबारे निमेष गिरीले टिप्पणी गरेका थिए। कार्यक्रममा नेपाली दूतावासका पदाधिकारी, विभिन्न संस्थाका प्रतिनिधि, समाजसेवी, साहित्यअनुरागी लगायतको उपस्थिति रहेको थियो।

# सातको भाग्यफल

| | |
|---|---|
| मेष : | प्रारम्भमा काम बन्नुका साथै प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। तापनि अर्थ अभाव कायम रहनेछ। समयमा र कम हातलागी नहुँदा काममा पनि समस्या पर्नेछ। खर्चको मात्रा बढ्नेछ भने एउटै कामलाई दोहोर्याएर प्रयत्न गर्नुपर्ला। |
| वृष : | सुरुमा व्यवधान देखिए पनि प्रयत्न गर्दा चिताएको काम सम्पादन हुनेछ। धेरैको विश्वास जित्न सकिनेछ। कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरू समेत नजिकिएलान्। नाम, दाम र इनाम हातपार्ने समय छ। दिगो आम्दानी हुने काम सुरु गर्ने मौका छ। |
| मिथुन : | सुरुमा जिम्मेवारी बढ्नेछ तर काम बिग्रने चिन्ताले सताउन सक्छ। अरूका काममा जुट्नुपरे पनि सोमवारदेखि आध्यात्मिक ज्ञानले दुर्भावनाका तरंगहरू समाप्त हुनेछन्। मंगलवारसम्म अवरोध झेल्नुपरे पनि उत्तरार्धमा नयाँ कामतर्फ अग्रसर भइनेछ। प्रतिष्ठित व्यक्तिसँगको सहकार्यले फाइदा दिलाउनेछ। |
| कर्कट : | सुरुको दिन रमाइलो रहे पनि पूर्वार्ध केही खर्चिलो रहनेछ। स्वास्थ्य पनि कमजोर रहनेछ। अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्नेछन्। काम बिग्रने डरले सताउन सक्छ। बुधवारदेखि स्थितिमा सुधार आउनेछ। सानो प्रयत्नले काम बन्नेछ भने अवसरले उत्साह जगाउनेछ। |
| सिंह : | प्रारम्भ उपलब्धिकारक रहनेछ भने चिताएको काम पनि बन्नेछ। मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ। पुरुषार्थी काम बन्नाले जोश-जाँगर बढ्नेछ। प्रियजनसँग रमाइलो भेटघाट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ। |
| कन्या : | मेसो नपाउँदा सुरुमा अलमल भए पनि मिहिनेतले काम बन्नेछ। प्रतिद्वन्द्वीहरू पछि पर्नेछन्, आम्दानी बढ्नेछ। प्रयत्न गर्दा दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ। लामो तथा रमाइलो यात्राको प्रक्रिया अघि बढ्नेछ। भौतिक साधन जुट्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ। |
| तुला : | सुरुमा ईर्ष्या गर्नेहरूले अवरोध पुर्याउने हुँदा काम रोकिन सक्छ। अध्ययनमा त्यति समय दिन नसकिएला। स्वास्थ्य कमजोर रहनेछ भने आफन्तको जिम्मेवारीले निजी काममा बाधा पर्न सक्छ। बुधवारदेखि स्थितिमा सुधार आउनेछ र विभिन्न अवसर प्राप्त हुनेछन्। |
| वृश्चिक : | सुरुको दिन उत्साहपूर्ण रहे पनि घरेलु समस्या सुल्झाउन जुट्नुपर्ला। शुभचिन्तकहरूलाई बेवास्ता गर्दा अलि दुस्ख पाइनेछ। बुद्धिको उपयोगले काम लिने प्रयत्न गर्नुहोला। बुधवारदेखि स्थितिमा क्रमशस् सुधार आउनेछ। प्रयत्न गर्दा हिम्मतले काम बन्नेछ। |
| धनु : | प्रयत्न गर्दा ठूलै उपलब्धि हातलागी हुनेछ, त्यसैले विवादबाट टाढा रहनुहोला। सञ्चित कर्मफल प्राप्त हुनाले नयाँ काम सुरु हुनेछ। शुभचिन्तकहरूले साथ दिनाले चिताएका काम सजिलै बन्नेछन्। सोम, मंगल र बुधवार भने घरायसी समस्याले अल्झाउन सक्छ। |
| मकर : | पहिलो दिन रमाइलो रहनेछ भने बोलीको प्रभावले मनग्य फाइदा उठाउन सकिनेछ। तर्कशक्ति बढ्नेछ भने अध्ययनमा प्रगति हुनेछ। दिगो फाइदा हुने काम सुरु हुनेछ। प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्ति हुनेछ। बुद्धिको उपयोगले प्रतिद्वन्द्वीहरूलाई वशमा ल्याउन सकिनेछ। |
| कुम्भ : | पहिलो दिन खर्चिलो देखिए पनि मिहिनेतले प्रतिष्ठित काम गर्ने मौका दिलाउनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट खानपानको आनन्द प्राप्त हुनेछ। मानसम्मान प्राप्त भए पनि वादविवादमा परिने सम्भावना देखिएकाले सजग रहनुहोला। सत्कर्ममा जुट्नेहरूलाई बोलीको भरमा काम बन्न सक्छ। |
| मीन : | प्रारम्भमा मनग्य आम्दानी भए पनि तत्काल खर्च बढ्नाले अर्थ अभाव देखा पर्ला। बेलामा होस नपुर्याउँदा चुनौती पनि आउलान्। तापनि मिहिनेतले स्थितिमा सुधार आउनेछ। केही दौडधुप गर्नुपरे पनि अवसर प्राप्त हुनेछ। बुधवारदेखि भोजभतेरको निम्तो आउन सक्छ। |

## पर्यटकको पर्खाइमा...................

पाइन्छ । अपार पर्यटकीय सम्भावनासहितको त्रिवेणी पाटनको विकासमा सरकारको ध्यान भने पुगेको छैन । सिजनअनुसार मात्र पर्यटक पुग्ने हुनाले यो क्षेत्रमा बास र खानपिनको प्रबन्धछैन ।

## आफु कतै नलुकेर......................

नगरले रकम नदिएको भन्दै पैसा माक्ने जस्तो धेरैपटक फोन नगर्ने सोच लिएको उनले लेखेकि छन् । हुन त २४ घन्टा रक्सीमा डुबिराख्ने मेयर लाई मेरो के मतलब र याद हुने कुरो पनि भएन र बारम्बार भिख पनि मागिन । मैले सोचे म बरु मर्छु तर सरकारी पैसामा उपचार गर्दिन माग्दिन । उनले लेखीन, अहिले म राम्रो सङ्ग बोल्न पनि सक्दिन अलि अलि चल्न सक्ने भएको छु यस्को सबै उपचार भारतकि डा. अञ्जीर कुमार ले गर्दै हुनुहुन्छ । म पुर्ण रुपमा निको हुन अझै ५ महिना समय लाग्छ । तिलागुफाका जनताहरुको माया ममता सधै भइराख्ने उल्लेख गर्दै उनले लेखेकि छन्, मेरो घाउमा नुन खुर्सानी हाल्ने काम कृपया नगरीदिनुहोला मलाई उत्तरदायित्वको बारेमा राम्रो सङ्ग थाहा छ यति कुरा बुझेकी छु जस्तो लाग्छ ।

## यूवा शक्तिलाई.........................

रोखरेलले बताए । उनले कर्णाली प्रदेश सरकार र स्थानीय तहहरु युवाहरुलाई रोजगारी दिनको लागि कटिबध भएर काम गर्न लागि परेको कालिकोट,सुर्खेत सेवा समाजमा अध्यक्ष रोखरेलले बताए । दिगो विकास लक्ष्य, युवा उद्यमशिलता, कर्णालीमा पर्यटन प्रवर्द्धनका लागि युवाहरुको भूमिका बारेमा युवाहरु बीच समायोजन र सहकार्य हुने भएको छ । कर्णालीको परभिर्नता अन्त्य गर्न यूवा उद्यमशलितालाई प्रथामिकतामा अघि बढाउने यो समाजको भुमिका रहेको छ । यस कार्यक्रममा कर्णाली प्रदेशसभाका माननिय कुर्मराज शाही, कालिकोट जिल्ला नेकपाका पार्टि अध्यक्ष धन्जित शाही (आर्दश), नेकपा रास्कोटका अध्यक्ष धर्मराज शाही पोषण, कालिकोट सुर्खेत सेवा समाजका सम्पुर्ण सदस्यहरु, सम्पुर्ण मिडियाका पत्रकार, राजनितिक दल, कालिकोट जिल्लाका सवै स्थानिय तहका प्रमुख / उपप्रमुखहरुको उपस्थिती रहेको थियो ।


### सम्पुर्णमा अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुघर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुघर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

**शितल लहर चलेको समयमा आगो तापेर शरीर लाई न्यानो राख्ने गरौँ । चिसोको समयमा शरीर लाई चाहिने आवश्यक तातो झोलयुक्त खानेकुराहरु खाने बानीको विकास गारौँ ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

### 'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ ।

सम्पर्क ठेगाना
अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

### क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल(वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

### मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

**– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।**
**– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।**
**– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।**
**– खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।**
**– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।**

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

### बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता
– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्री उत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत